सम्पर्क न.
नगर प्रमुख : ०९१-५६०३८०
नगर उपप्रमुख : ०९१-५६०३८४
प्र.प्र.अ.: ०९१-५६०११८

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८३ (सहकारी प्रवर्द्धन उपशाखा) | मिति: २०८२/०८/११

चलानी नं. ११६३ | नेपाल सम्बत : ११४६ थिंल्लाथ्व ७ विहीवार

श्री टीकापुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरु,
टीकापुर नगरपालिका, कैलाली।

**विषय : बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुले कर्जा सूचना केन्द्र लिमिटडको सदस्यता लिने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२/०८/१० गते प्रकाशित बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुले कर्जा सूचना केन्द्र लिमिटडको सदस्यता लिने सम्बन्धमा जारी गरिएको सूचना थान-१ यसै पत्र साथ संलग्न गरिएको छ संलग्न सूचना बमोजिम बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनिवार्य रुपमा आवश्यक प्रक्रिया पुरा गरी कर्जा सूचना केन्द्रको सदस्यता लिन हुन सम्बन्धित सवैमा जानकारी गराईन्छ ।

घिताल ११/८/२०८२

.................................
सुमन्त घिताल
प्रमुख प्रशासकीय अधिकृत एवं दर्ता गर्ने अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

National Cooperatives Regulatory Authority (NCRA)

(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३
०१-५०१०२३
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार

मितिः २०८२/०८/१०

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूले कर्जा सूचना केन्द्र लिमिटेडको सदस्यता लिने सम्बन्धी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अत्यन्त जरुरी सूचना!!**

सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ८१ ले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले प्रचलित कानुन अनुसार स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी कर्जा कारोवार सम्वन्धी सूचना नियमित रूपमा आदानप्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। सोही अनुसार बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरूलाई कर्जा सूचना केन्द्र लिमिटेडसँग आवद्ध गराउन आवश्यक प्राविधिक तथा कार्यगत तयारी र सहजीकरणकालागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणवाट कर्जा सूचना केन्द्र लिमिटेडसँग चरणवद्दरुपमा गरिएका वैठक तथा छलफल एवं मिति २०८२/०७/२८ गते प्राधिकरणको सभाहलमा प्राधिकरणको व्यवस्थापन,कर्जा सूचना केन्द्र लि. र सहकारी अभियानका प्रतिनिधिहरूवीच गरिएको कर्जा सूचना केन्द्र लिमिटेडको सदस्यता प्राप्त गर्ने प्रक्रिया, तथ्यांक व्यवस्थापन प्रणाली र ऋण कारोवारसम्वन्धी सूचना आदानप्रदानको अभिमुखीकरण कार्यक्रम पश्चात कर्जा सूचना केन्द्रले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थालाइ सदस्यताकालागि आवश्यक सहजीकरण गरिदिनका लागि प्राधिकरणसमक्ष आग्रह गरेको समेतका आधारमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२ मङ्सिर ९ गते सम्पन्न प्राधिकरण बोर्ड वैठकले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सम्पूर्ण सहकारी संस्थाहरूलाई कर्जा सूचना केन्द्रमा आवद्धताका लागि आह्वान गर्ने निर्णय गरेको हुँदा सोही मुताविक सरोकार राख्ने सम्पूर्ण सहकारी संस्थाहरू अनिवार्य रूपमा कर्जा सूचना केन्द्रमा सदस्यताका लागि केन्द्रले सूचना जारी गरेपछि आवेदन दिइ आवश्यक प्रक्रिया पूरा गरेर सदस्यता प्राप्त गर्नुहुन सूचित गरिन्छ। साथै सम्पूर्ण बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई सदस्यता प्रदान गर्नुहुन कर्जा सूचना केन्द्रलाई समेत अनुरोध गरिन्छ।

**<u>सम्पर्क व्यक्तिहरु:</u>**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणः श्री अभिशेष दाहाल, सूचना प्रविधि अधिकृत, (सम्पर्क नंः ९८४२५२९२९१)

कर्जा सूचना केन्द्रः श्री शुभद्रश्री राजभण्डारी (सम्पर्क नंः ९८५१२१४१५१)

२०८२/८/१०

डा. शेषनारायण पौडेल
(कार्यकारी निर्देशक)

CamScanner